(ग) समितिको कार्यावधि र ठाउँः– (१) समितिको कार्यावधि २०४३ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

(२) यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

(३) यस समितिको कार्यक्षेत्र लुम्बिनी अञ्चलको रूपन्देही कपिलवस्तु जिल्ला हुनेछ ।

## सूचना ५

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको बाँके बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन गरेको छ ।

(क) समितिको गठनविधिः–

(१) श्री कृष्णबहादुर प्रधान – अध्यक्ष
(२) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्ति – सदस्य
(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी – पदेन सदस्य
(४) सम्बन्धित जिल्ला प्रहरी अधिकृत (डी. एस. पी.) भएको स्थानमा डी. एस. पी. सो नभएमा इन्स्पेक्टर – पदेन सदस्य
(५) सम्बन्धित जिल्लामा प्रमुख मालपोत अधिकृत भए प्रमुख मालपोत अधिकृत सो नभएमा मालपोत अधिकृत – पदेन सदस्य
(६) सम्बन्धित क्षेत्रका बसोबास प्रशासक – पदेन सदस्य
(७) सम्बन्धित नापी क्याम्पका प्रमुख वा उप-प्रमुख – पदेन सदस्य
(८) नेपाल पुनर्वास कम्पनीको सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख – पदेन सदस्य
(९) सम्बन्धित जिल्ला वन नियन्त्रक – सदस्य-सचिव

द्रष्टव्यः– सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नुहुने माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू जिल्लामा उपस्थित हुनुभएका बखत अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(ख) समितिको काम, कर्तव्य र अधिकारः–

(१) वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3660

(२) वनमा अतिक्रमण हटाई वनको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने ।

(३) सट्टा भर्ना दिनको लागि छुट्याइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जबर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनु पर्नेहरूलाई दिने ।

(४) अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेको जतिमा मात्र कारवाही गर्ने ।

(५) ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको जग्गाको जोतभोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोतभोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्ने ।

(६) पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वनक्षेत्र छुट्याई पूरा वा आंशिक कटान गरिसकेका क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने ।

(७) सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वनक्षेत्र छुट्याई कटानी शुरू भई नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने ।

(८) योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने ।

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने ।

(९) बसोबास गराउन निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने दिलाउने ।

(१०) नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा ओगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८८

(११) सट्टा भर्ना पाउने जग्गावालालाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्ने ।

(१२) समितिले आफ्नो कार्यक्षेत्रमा आइपरेका वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने ।

(१३) समितिले गर्नुपर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्ने गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने ।

(१४) माथि उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(१५) वनक्षेत्र कायम गरी अव्यवस्थित बसोबास व्यवस्थित गर्ने समितिले अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेकोमा हाम्रो लगत लिन छाडिदियो भनी भनेमा कुनै कारवाही नगर्ने । उपरोक्त लगतमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र यस समितिले पुनरावलोकन गरी व्यवस्थित गराउने ।

(१६) जग्गा सट्टा भर्ना दिन र बसोबास व्यवस्था गर्नको लागि छुटयाइएको जग्गा नाप नक्सा गर्दा बीच बीचमा कित्ताहरू छुट हुन गएको भन्ने बुझिएकोले यस समितिले सम्बन्धित नक्सा र फिल्डको चेक गरी त्यस्तो जग्गा निकाल्ने ।

(१७) आवादीहरूको बीच बीचमा रहेको फाटफुट जङ्गलहरू ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१८) बसोबास लायक नठहरिने वनक्षेत्र बसोबासको निमित्त नछुटयाई वन नै कायम गर्न लगाउने । यस्ता वन ग्रामीण उपयोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१९) बसोबासको निमित्त छुटयाइएको तर बसोबास नगराइएका वनक्षेत्र बसोबास लायक वा बेलायक जमिन सर्जमिन भै हेरी व्यवहारिकताको आधारमा बसोबास लायक नभए वितरण नगर्ने ।

(२०) नम्बरीदार र अव्यवस्थित बसोबासको समस्याबारे सर्जमिन भै गई हेरी समाधान गर्न लगाइनेछ ।

(२१) समितिले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले (न्यायपालिका र शाही सेना बाहेक) अविलम्ब कार्यान्वित गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित निकायहरूलाई आदेश दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२२) सट्टा भर्ना पाउने व्यक्तिलाई समितिले जग्गाधनी पूर्जा दिई जग्गा दिई सकेपछि जग्गाधनी नआई सो जग्गा उपयोग नगरी अरूले अतिक्रमण गरी बसेमा श्री ५ को सरकार फेरि जग्गा उपलब्ध गराउन बाध्य हुने छैन । जग्गा सट्टा भर्ना दिन नपुग भएमा अरू नयाँ वनक्षेत्र कटान गरिने छैन, उपयुक्तता हेरी नगद मुआव्जा दिने व्यवस्था गर्ने ।

(२३) पुनर्वास कम्पनीले निर्णय तथा कार्यक्रम अनुरूप छुटचाई सकेको क्षेत्रमा कार्य गर्ने ।

(२४) पुनर्वास कम्पनीले बसोबासको लागि पूरै वा घडेरी प्लट मात्र बाँडेको क्षेत्रमा कृषि प्लट वितरण गर्ने र अरू विकाससम्बन्धी कार्यहरू कार्यक्रम अनुरूप गर्ने । गाउँको प्लान तयार भैरहेको र कटान कम वा बेसी भई सकेको भए तापनि वितरण नभएको क्षेत्रमा कुनै कार्यक्रम नगर्ने ।

(२५) जिल्लाको समस्या अनुसार भेरी अञ्चलको बाँके बर्दिया जिल्लामा बसोबास तथा पुनर्वासका विभिन्न क्षेत्रहरूमा नयाँ अतिक्रमण भई असामान्य स्थिति सिर्जना भएकोले सो अतिक्रमण हटाउने, नम्बरीको जरियाबाट बढी जग्गा ओगटेको निकाली वितरण गर्नु पर्नेहरूलाई दिने र अव्यवस्थितलाई सारी अन्यत्र व्यवस्थित गर्ने र राराली बसोबाससम्बन्धी श्री ५ को सरकार मं. प. को मिति २०३६।१२।८ र २०३७।२।२९ को निर्णय अनुसारको कार्यविधि अपनाई सो अनुसार सम्पन्न गर्नु पर्ने बाँकी कार्यहरू सम्पन्न गर्ने ।

(२६) सुर्खेतको हकमा गठन भैराखेको समितिले नै पूर्व निर्णय बमोजिम शीघ्र कार्य सम्पन्न गर्ने गराउने ।

(२७) कर्णाली आरक्ष विस्तार योजना कार्यान्वित गर्दा केही पुरानो बस्ती समेत-लाई सार्नको लागि सट्टा भर्ना दिने क्षेत्र पुनर्वास कम्पनीबाट झिकेर तथा फाटफुट जङ्गलको टुक्राहरूमा बबइ सिंचाइसँग मिलान हुने गरी ०३८।२।८ को मं. प. को निर्णयबमोजिम जग्गा छुटचाई वन तथा भू-संरक्षण मन्त्रा-लयमा सिफारिश गर्ने ।

(२८) शाही कर्णाली आरक्ष विस्तार हुँदा विस्थापित हुने परिवारको लागि जग्गा छुटचाउने ।

(ग) <u>समितिको कार्यावधि र ठाउँ</u>:– (१) समितिको कार्यावधि २०४३ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

(२) यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

(३) यस समितिको कार्यक्षेत्र भेरी अञ्चलको बाँके बर्दिया जिल्लामा हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3600

## सूचना ६

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन गरेको छ ।

(क) समितिको गठनविधिः–

(१) श्री प्रमोदकुमार कोइराला – अध्यक्ष
(२) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्ति – सदस्य
(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी – पदेन सदस्य
(४) सम्बन्धित जिल्ला प्रहरी अधिकृत (डी. एस. पी.) भएको स्थानमा डी. एस. पी. र सो नभएमा इन्स्पेक्टर – पदेन सदस्य
(५) सम्बन्धित जिल्लामा प्रमुख मालपोत अधिकृत भए प्रमुख मालपोत अधिकृत, नभएमा मालपोत अधिकृत – पदेन सदस्य
(६) सम्बन्धित क्षेत्रका बसोबास प्रशासक – पदेन सदस्य
(७) सम्बन्धित नापी क्याम्पका प्रमुख वा उप-प्रमुख – पदेन सदस्य
(८) नेपाल पुनर्वास कम्पनीको सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख – पदेन सदस्य
(९) सम्बन्धित जिल्ला वन नियन्त्रक – सदस्य-सचिव

द्रष्टव्यः– सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नु हुने माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू जिल्लामा उपस्थित हुनुभएका बखत अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(ख) समितिको काम, कर्तव्य र अधिकारः–

(१) वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने ।
(२) वनमा अतिक्रमण हटाई वनको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने ।
(३) सट्टा भर्ना दिनको लागि छुटचाइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जबर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनु पर्नेहरूलाई दिने ।
(४) अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेको जतिको मात्र कारवाही गर्ने ।
(५) ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको जग्गाको जोतभोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जोतभोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रम.ण-पूर्जा वितरण गर्ने ।

(६) पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वनक्षेत्र छुट्याई पूरा वा आंशिक कटान गरी सकेको क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने ।

(७) सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वनक्षेत्र छुट्याई कटानी शुरू भई नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने ।

(८) योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने ।

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने ।

(९) बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने दिलाउने ।

(१०) नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा भोगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने ।

(११) सट्टा भर्ना पाउने जग्गावालालाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट सट्टा भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्नेछ ।

(१२) समितिले आफ्नो कार्यक्षेत्रमा आइपरेका वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने ।

(१३) समितिले गर्नुपर्ने काम सम्पन्न गराउने सम्बन्धमा समतिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(१४) माथि उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(१५) वनक्षेत्र कायम गरी अव्यवस्थित बसोबास व्यवस्थित गर्ने समितिले अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेकोमा हाम्रो लगत लिन छाडिदियो भनी भनेमा कुनै कारवाई नगर्ने । उपरोक्त लगतमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र यस समितिले पुनरावलोकन गरी व्यवस्थित गराउने ।

(१६) जग्गा सट्टा भर्ना दिन र बसोबास व्यवस्था गर्नको लागि छुटचाइएको जग्गा नाप नक्सा गर्दा बीच बीचमा कित्ताहरू छुट हुन गएको भन्ने बुझिएकोले यस समितिले सम्बन्धित नक्सा र फिल्डको चेक गरी त्यस्तो जग्गा निकाल्ने ।

(१७) आवादीहरूको बीच बीचमा रहेको फाटफुट जङ्गलहरू ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१८) बसोबास लायक नठहरिने वनक्षेत्र बसोबासको निमित्त नछुटचाई वन नै कायम गर्न लगाउने । यस्ता वन ग्रामीण उपयोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१९) बसोबासको निमित्त छुटचाइएको तर बसोबास नगराइएका वनक्षेत्र बसोबास लायक वा बेलायक जमिन सर्जमिन भै हेरी व्यवहारिकताको आधारमा बसोबास लायक नभए वितरण नगर्ने ।

(२०) नम्बरीदार र अव्यवस्थित बसोबासको समस्याबारे सर्जमिन भै गई हेरी समाधान गर्न लगाइनेछ ।

(२१) समितिले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित जिल्ला तथा अञ्चलस्तरीय कार्यालय-हरूले (न्यायपालिका र शाही सेना बाहेक) अविलम्ब कार्यान्वित गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित निकायहरूलाई आदेश दिने ।

(२२) सट्टा भर्ना पाउने व्यक्तिलाई समितिले जग्गाधनी पूर्जा दिई जग्गा दिइसके पछि जग्गाधनीले नआई सो जग्गा उपयोग नगरी अरूले अतिक्रमण गरी बसेमा श्री ५ को सरकार फेरि जग्गा उपलब्ध गराउन बाध्य हुने छैन । जग्गा सट्टा भर्ना दिन नपुग भएमा अरू नयाँ वनक्षेत्र कटान गरिने छैन, उपयुक्तता हेरी नगद मुआव्जा दिने व्यवस्था गर्ने ।

(२३) पुनर्वास कम्पनीले निर्णय तथा कार्यक्रम अनुरूप छुटचाई सकेको क्षेत्रमा कार्य गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

363

(२४) पुनर्वास कम्पनीले बसोबासको लागि पूरै वा घडेरी प्लट मात्र बाँडेको क्षेत्रमा कृषि प्लट वितरण गर्ने र अरू विकाससम्बन्धी कार्यहरू कार्यक्रम अनुरूप गर्ने । गाउँको प्लान तयार भैरहेको र कटान कम वा बेसी भई सकेको भए तापनि वितरण नभएको क्षेत्रमा कुनै कार्यक्रम नगर्ने ।

(२५) जिल्लाको समस्या अनुसार कैलाली जिल्लाको बसोबास तथा पुनर्वासका विभिन्न क्षेत्रहरूमा भएको वन अतिक्रमण हटाउने, नम्बरीको जरियाबाट बढी जग्गा भोगट्नेहरूको जग्गा झिकी वितरण गर्नु पर्नेहरूलाई वितरण गर्ने, कार्यक्रम अनुसार सुरक्षा पेटी कायम गर्दा वनक्षेत्र कटान भइसकेको क्षेत्रबाट पुग्ने भए सट्टा भर्ना दिई बसोबास सारी व्यवस्थित गर्ने र जग्गा नपुग हुनेहरूलाई मुआब्जाको व्यवस्था गरी क्रमशः उठाउने र अव्यवस्थितलाई सारी अन्यत्र व्यवस्थित गर्ने ।

(ग) समितिको कार्यविधि र ठाउँ: (१) समितिको कार्यावधि २०४३ आषाढ मसान्तसम्म तोकिएको छ ।

(२) यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

(३) यस समितिको कार्यक्षेत्र सेती अञ्चलको कैलाली जिल्लामा हुनेछ ।

## सूचना ७

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको कञ्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन गरेको छ ।

(क) समितिको गठनविधिः—

(१) श्री सुदर्शनबहादुर सिंह — अध्यक्ष
(२) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्ति — सदस्य
(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी — पदेन सदस्य
(४) सम्बन्धित जिल्ला प्रहरी अधिकृत (डी. एस. पी.) भएको स्थानमा डी. एस. पी. सो नभएमा इन्स्पेक्टर — पदेन सदस्य
(५) सम्बन्धित जिल्लामा प्रमुख मालपोत अधिकृत भए प्रमुख मालपोत अधिकृत नभएमा मालपोत अधिकृत — पदेन सदस्य
(६) सम्बन्धित क्षेत्रका बसोबास प्रशासक — पदेन सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(७) सम्बन्धित नापी नक्शापका प्रमुख वा उप-प्रमुख — पदेन सदस्य
(८) नेपाल पुनर्वास कम्पनीको सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख — पदेन सदस्य
(९) सम्बन्धित जिल्ला वन नियन्त्रक — सदस्य-सचिव

द्रष्टव्यः— सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नुहुने माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू जिल्लामा उपस्थित हुनुभएका बखत अनिवार्य रूपमा आमन्त्रण गर्नुपर्नेछ ।

(ख) समितिको काम, कर्तव्य र अधिकारः—

(१) वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने ।
(२) वनमा अतिक्रमण हटाई वनको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने ।
(३) सट्टा भर्ना दिनको लागि छुट्याइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जवर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनुपर्नेहरूलाई दिने ।
(४) अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिइसकेको जतिको मात्र कारवाही गर्ने ।
(५) ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको जग्गाको जोतभोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोतभोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्ने ।
(६) पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वनक्षेत्र छुट्याई पूरा वा आंशिक कटान गरी सकेको क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने ।
(७) सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वनक्षेत्र छुट्याई कटानी शुरू भई नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने ।
(८) योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने ।

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

362

जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने ।

(९) बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने दिलाउने ।

(१०) नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा भोगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने ।

(११) सट्टा भर्ना पाउने जग्गावालालाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट सट्टा भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्नेछ ।

(१२) समितिले आफ्नो कार्यक्षेत्रमा आइपरेका वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने ।

(१३) समितिले गर्नुपर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने ।

(१४) माथि उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(१५) वनक्षेत्र कायम गरी अव्यवस्थित बसोबास व्यवस्थित गर्न समितिले अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेकोमा हाम्रो लगत लिन छाडिदियो भनी भनेमा कुनै कारवाही नगर्ने । उपरोक्त लगतमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र यस समितिले पुनरावलोकन गरी व्यवस्थित गराउने ।

(१६) जग्गा सट्टा भर्ना दिन र बसोबास व्यवस्था गर्नको लागि छुट्याइएको जग्गा नाप नक्सा गर्दा बीच बीचमा कित्ताहरू छुट हुन गएको भन्ने बुझिएकोले यस समितिले सम्बन्धित नक्सा र फिल्डको चेक गरी त्यस्तो जग्गा निकाल्ने ।

(१७) आवादीहरूको बीच बीचमा रहेको फाटफुट जङ्गलहरू ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१८) बसोबास लायक नठहरिने वनक्षेत्र बसोबासको निमित्त नछुट्याई वन नै कायम गर्न लगाउने । यस्ता वन ग्रामीण उपयोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

३६९

(१९) बसोबासको निमित्त छुट्याइएको तर बसोबास नगराइएका वनक्षेत्र बसोबास लायक वा बेलायक जमिन सर्जमिन भै हेरी व्यवहारिकताको आधारमा बसोबास लायक नभए वितरण नगर्ने ।

(२०) नम्बरीदार र अव्यवस्थित बसोबासको समस्याबारे सर्जमिन भै गई हेरी समाधान गर्न लगाइनेछ ।

(२१) समितिले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले (न्यायपालिका र शाही सेना बाहेक) अविलम्ब कार्यान्वित गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित निकायहरूलाई आदेश दिने ।

(२२) सट्टा भर्ना पाउने व्यक्तिलाई समितिले जग्गाधनी पूर्जा दिई जग्गा दिई सकेपछि जग्गाधनी नआई सो जग्गा उपयोग नगरी अरूले अतिक्रमण गरी बसेमा श्री ५ को सरकार फेरि जग्गा उपलब्ध गराउन बाध्य हुने छैन । जग्गा सट्टा भर्ना दिन नपुग भएमा अरू नयाँ वनक्षेत्र कटान गरिने छैन, उपयुक्तता हेरी नगद मुआव्जा दिने व्यवस्था गर्ने ।

(२३) पुनर्वास कम्पनीले निर्णय तथा कार्यक्रम अनुरूप छुट्याई सकेको क्षेत्रमा कार्य गर्ने ।

(२४) पुनर्वास कम्पनीले बसोबासको लागि पूरै वा घडेरी प्लट मात्र बाँडेको क्षेत्रमा कृषि प्लट वितरण गर्ने र अरू विकाससम्बन्धी कार्यहरू कार्यक्रम अनुरूप गर्ने । गाउँका प्लान तयार भैरहेको र कटान कम वा बेसी भइसकेको भए तापनि वितरण नभएको क्षेत्रमा कुनै कार्यक्रम नगर्ने ।

(२५) जिल्लाको समस्या अनुसार कञ्चनपुर जिल्लाको वन बसोबास योजना अनुरूप कार्यान्वयन गर्न विभिन्न क्षेत्रहरूमा नयाँ अतिक्रमण भई असामान्य स्थिति सृजना भएकाले सो अतिक्रमण हटाउने, नम्बरीको जरियाबाट बढी जग्गा भोगटेको झिकी वितरण गर्नुपर्नेहरूलाई दिने, योजनानुसार सुरक्षा पेटी कायम गर्दा वनक्षेत्र कटान भई सकेको क्षेत्रबाट पुग्ने भए सट्टा भर्ना वा बसोबास सार्न व्यवस्थित गर्न र जग्गा नपुग हुनेहरूलाई मुआव्जाको व्यवस्था गरी क्रमशः उठाउने, वनक्षेत्रभित्रका आवादीहरूलाई आन्तरिक सिमाँकन गरी राख्ने र क्रमशः नगद मुआव्जा दिई हटाउने, आरक्ष विस्तार भित्र परेका नम्बरी र उठाउनु पर्ने अव्यवस्थित परिवारहरूलाई जग्गा सट्टा भर्ना दिई उठाउने र अव्यवस्थितलाई सारी अन्यत्र व्यवस्थित गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२६) राजमार्ग दक्षिणका ठूला ठूला जङ्गलको बीचमा रहेको फाटफुट आवादीहरू र लगत्त भएका अव्यवस्थित बसोबासीहरूलाई त्यहीं व्यवस्थित गरी हाल आन्तरिक सिमाङ्कन गरी राख्ने र पछि मुआव्जाको व्यवस्था गरी क्रमशः हटाउने गर्ने । आवादीहरूको बीच बीचमा रहेका फाटफुट जङ्गलहरू पनि नकाटी ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(२७) आरक्ष विस्तार गर्ने सिलसिलामा उठाउनु पर्ने नम्बरी आवादी र अव्यवस्थित परिवारलाई व्यवस्थित गर्ना निमित्त हाल कटान भई सकेको उल्टाखान ब्लकको वनक्षेत्रबाट व्यवस्थित गराउने ।

(२८) डँडेलधुरा जिल्लाको जोगबुढाको लागि पनि देहायबमोजिमका काम, कर्तव्य र अधिकार उक्त समितिलाई तोकिएको छः–

(क) गरीब किसानहरूको निस्सा, प्रमाण केही नहुने भएकोले उक्त भोगको आधारमा समेत नियमानुसार नापी गर्ने ।

(ख) कम्तीमा ५ वर्ष पुराना आवादी जग्गासम्बन्धी उक्त भोगको निस्सा प्रमाण हेरी उक्त भोगकै आधारमा नापी गर्ने ।

(ग) पिछडिएका वर्गहरू बसेका जग्गाको हकमा निजहरूले जोतभोग गरेकोमा नबढाई प्रत्येक परिवारलाई बढीमा १½ बिगाहासम्म जग्गा नापी गरी दिने र उक्त जग्गा १० वर्षसम्म बेच बिखन दान दातव्य गर्न नपाउने शर्त कायम गर्ने ।

(घ) यसरी जग्गा नापी गर्दा घना जङ्गल भएको र नदी कटानको धार भएको जग्गाहरूलाई छाडनेतर्फ तथा नदी किनारा यथासम्भव सुरक्षा पेटी कायम गर्नेतर्फ विशेष ध्यान दिने ।

(ङ) जग्गा नापीको सिलसिलामा आवश्यकतानुसार हटाउनु पर्ने देखिएमा पुराना डिमारकेशन पिलरलाई कटाउने र नयाँ वन सिमाना निर्धारण गर्ने ।

(ग) <u>समितिको कार्यावधि र ठाउँः–</u> (१) समितिको कार्यावधि २०४३ आषाढ मसान्तसम्म तोकिएको छ ।

(२) यस समितिले माथि लेखिएका कुराहरूमा सोही बमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

(३) यस समितिको कार्यक्षेत्र महाकाली अञ्चलको कञ्चनपुर जिल्लामा हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको चितवन, मकवानपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन गरेको छ ।

(क) समितिको गठनविधिः–

(१) श्री सोमध्वज विष्ट – अध्यक्ष

(२) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्ति – सदस्य

(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी – पदेन सदस्य

(४) सम्बन्धित जिल्ला प्रहरी अधिकृत (डी. एस्. पी.) भएको स्थानमा डी. एस्. पी. सो नभएमा इन्स्पेक्टर– – पदेन सदस्य

(५) सम्बन्धित जिल्लामा प्रमुख मालपोत अधिकृत भए प्रमुख मालपोत अधिकृत नभएमा मालपोत अधिकृत – पदेन सदस्य

(६) सम्बन्धित क्षेत्रका बसोबास प्रशासक – पदेन सदस्य

(७) सम्बन्धित नापी क्यास्पका प्रमुख वा उप-प्रमुख – पदेन सदस्य

(८) नेपाल पुनर्वास कम्पनीको सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख – पदेन सदस्य

(९) सम्बन्धित जिल्ला वन नियन्त्रक – सदस्य-सचिव

द्रष्टव्यः– सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नु हुने माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू जिल्लामा उपस्थित हुनुभएका बखत अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(ख) समितिको काम, कर्तव्य र अधिकारः–

(१) वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने ।

(२) वनमा अतिक्रमण हटाई वनको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने ।

(३) सट्टा भर्ना दिनको लागि छुट्याइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जवर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनु पर्नेहरूलाई दिने ।

(४) अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिइसकेको जतिको मात्र कारवाही गर्ने ।

(५) ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको जग्गाको जोतभोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोतभोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2605

(६) पुनर्वास, बसोवास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वनक्षेत्र छुटचाई पूरा वा आँशिक कटान गरिसकेका क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने ।

(७) सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वनक्षेत्र छुटाई कटानी शुरू भइ-नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने ।

(८) योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने ।

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्वरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआव्जा दिई हटाउने ।

(९) बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने दिलाउने ।

(१०) नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा ओगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने ।

(११) सट्टा भर्ना पाउने जग्गावालाहरूलाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट सट्टा भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्ने ।

(१२) समितिले आपनो कार्यक्षेत्रमा आइपरेका वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने ।

(१३) समितिले गर्नुपर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारको विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने ।

(१४) माथि उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८०

(१५) वनक्षेत्र कायम गरी अव्यवस्थित बसोबास व्यवस्थित गर्ने समितिले अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेकोमा हाम्रो लगत लिन छाडिदियो भनी भनेमा कुनै कारवाई नगर्ने। उपरोक्त लगतमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र यस समितिले पुनरावलोकन गरी व्यवस्थित गराउने।

(१६) जग्गा सट्टा भर्ना दिन र बसोबास व्यवस्था गर्नको लागि छुटचाइएको जग्गा नाप नक्सा गर्दा बीच बीचमा कित्ताहरू छुट हुन गएको भन्ने बुझिएकोले यस समितिले सम्बन्धित नक्सा र फिल्डको चेक गरी त्यस्तो जग्गा निकाल्ने।

(१७) आवादीहरूको बीच बीचमा रहेको फाटफुट जङ्गलहरू ग्रामीण उपभोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने।

(१८) बसोबास लायक नठहरिने वनक्षेत्र बसोबासको निमित्त नछुटचाई वन नै कायम गर्न लगाउने। यस्ता वन ग्रामीण उपभोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने।

(१९) बसोबासको निमित्त छुटचाइएको तर बसोबास नगराइएका वनक्षेत्र बसोबास लायक वा बेलायक जमिन सर्जमिन भै हेरी व्यवहारिकताको आधारमा बसोबास लायक नभए वितरण नगर्ने।

(२०) नम्बरीदार र अव्यवस्थित बसोबासको समस्याबारे सर्जमिन भै गई हेरी समाधान गर्न लगाइनेछ।

(२१) समितिले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित जिल्ला तथा अञ्चलस्तरीय कार्यालयले (न्यायपालिका र शाही सेना बाहेक) अविलम्ब कार्यान्वित गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित निकायहरूलाई आदेश दिने।

(२२) सट्टा भर्ना पाउने व्यक्तिलाई समितिले जगाधनी पूर्जा दिई जग्गा दिई सकेपछि जग्गाधनी नआई सो जग्गा उपभोग नगरी अरूले अतिक्रमण गरी बसेमा श्री ५ को सरकार फेरि जग्गा उपलब्ध गराउन बाध्य हुनेछैन। जग्गा सट्टा भर्ना दिन नपुग भएमा अरू नयाँ वनक्षेत्र कटान गरिने छैन उपयुक्तता हेरी नगद मुआब्जा दिने व्यवस्था गर्ने।

(२३) पुनर्वास कम्पनीले निर्णय तथा कार्यक्रम अनुरूप छुटचाई सकेको क्षेत्रमा कार्य गर्ने।

(२४) पुनर्वास कम्पनीले बसोबासको लागि पूरै वा घडेरी प्लट मात्र बाँडेको क्षेत्रमा कृषि प्लट वितरण गर्ने र अरू विकाससम्बन्धी कार्यहरू कार्यक्रम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८९

अनुरूप गर्ने । गाउँको प्लान तयार भैरहेको र कटान कम वा बेसी भई सर्वे को भए तापनि वितरण नभएको क्षेत्रमा कुनै कार्यक्रम नगर्ने ।

(ग) समितिको कार्यावधि र ठाउँः– (१) समितिको कार्यावधि २०४३ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

(२) यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

(३) यस समितिको कार्यक्षेत्र नारायणी अञ्चलको चितवन मकवानपुर जिल्लामा हुनेछ ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२